# कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके,
लुम्बिनी प्रदेश, नेपाल
स्थापना : २०७३

पत्र संख्या : ०७९/०८० मिति : २०७९/१२/२४

चलानी नं. २६८४

विषयः तालिमका लागि सहभागी छनौट गरी पठाउने सम्बन्धमा।

श्री सबै वडा कार्यालयहरू तथा तालिम लिन इच्छुक युवाहरू
कोहलपुर नगरपालिका, कोहलपुर - बाँके।

प्रस्तुत विषयमा नेपाल सरकार तथा स्विजरल्याण्ड सरकारको सम्झौतामा भएको दिगो तथा सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजना दोस्रो अन्तरगत आ. व. २०७९/०८० मा यस कोहलपुर नगरपालिकाले Professional Cook तथा Professional LED/LCD TV Repair Technician विषयमा कार्यगत अभ्यास सहितको (Training with OJT) १० महिने (१६९६ घन्टे) CTEVT अन्तरगतको तह २ को तालिम संचालन गर्नु पर्ने भएकाले प्रत्येक वडाबाट २ जना (१ जना सिफारिस गर्ने र १ जना वैकल्पिक) तथा नगरपालिकाबाट ५ जना गरी २० जना इच्छुक युवाहरूका लागि तालिम हुने भएको हुँदा तहाँ वडा कार्यालयबाट तपसिलको प्रावधान पुरा गरेका सहभागी छनौट गरी यस शाखामा यही **मिति २०८०/०१/०८** गतेसम्ममा पठाइदिनु हुन अनुरोध छ। साथै तालिम लिन इच्छुक युवाहरूले सम्बन्धित वडा, शिक्षा शाखा तथा नगरपालिकामा सम्पर्क राख्नुहुन अनुरोध छ।

**संचालन गरिने तालिमहरू :**

१. Professional Cook (२० जनाको लागि)
२. Professional LED/LCD TV Repair Technician (२० जनाको लागि)

**तपसिल : आवश्यक कागजात तथा प्रमाणहरू :**

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि तथा सम्बन्धित वडाको बासिन्दा भएको वडाको सिफारिस हुनु पर्ने। अन्य जिल्लाको नागरिकता हुने बासिन्दाको हकमा बसाइसराइको कागजात हुनु पर्ने।
- सहभागी १८ वर्ष पुरा गरी ३५ वर्ष (महिलाको हकमा ४० वर्ष) ननाघेको हुनु पर्ने।
- कम्तिमा माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण गरेको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्ने।
- सहभागी पठाउँदा सम्भव भएसम्म महिला, दलित, गरिब, अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत तथा बेरोजगार युवाहरूलाई प्राथमिकतामा राखी पठाउने ।
- प्रत्येक वडाबाट १ जना सहभागी तथा १ जना वैकल्पिक सहभागी गरी जम्मा २ जना सिफारिस हुनु पर्ने र कुनै कारणवश सहभागीले तालिम छोड्नु परेमा वैकल्पिकलाई प्रतिस्थापन गरिने।
- नियमित अध्ययन गरिरहेका विद्यार्थीहरूलाई भन्दा बेरोजगार युवाहरूलाई प्राथमिकतामा राखिनेछ।
- नगरपालिकाबाट सिफारिस हुन चाहने व्यक्तिले नगरपालिकामा निवेदन पेश गर्नु पर्नेछ।
- तालिम सम्बन्धी थप जानकारीको लागि ९८४१८३६२१९ मा सम्पर्क राख्न सकिनेछ।

..................
टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत